ज्ञान ज्योति स्कुल दाङ प्राइभेट लिमिटेड
(Gyan Jyoti School Dang Private Limited)
शान्तिनगर गाउँपालिका वडा नम्बर २ दाङ

ज्ञान ज्योति पाठशाला प्राइभेट लिमिटेड
(Gyan Jyoti Pathshala Private Limited)
तुलसीपुर उमनपा १ दाङ

२०८२ पौष महिना ६ गते कारोबार दैनिक

# हिमालयन बैंक लिमिटेडको
# तेत्तीसौं वार्षिक साधारणसभा बारे सूचना

२०८२ साल पौष महिना ०८ गते बसेको संचालक समितिको बैठक नं ४८८ औं बैठकको निर्णयानुसार यस बैंकको तेत्तीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरु शेयरधनी महानुभावहरुलाई यथासमयमा पठाइने व्यहोरा अनुरोध छ ।

**तेत्तीसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान:**

मिति : २०८२ साल पौष ३० गते बुधवार (तदनुसार जनवरी १४, २०२६)
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं
समय : बिहान ११:०० बजे

**छलफलका विषय-सूची:**

**क) सामान्य प्रस्ताव:**

१) तेत्तीसौं वार्षिक साधारण सभाको लागि संचालक समितिको प्रतिवेदन,
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरु श्री हिमालयन क्यापिटल लि., श्री हिमालयन सेक्युरिटिज र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) छलफल गरी स्वीकृत गर्ने,
३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (वर्तमान लेखापरीक्षक CA Ranjeev & Associates पुनः नियुक्त हुन सक्ने),

**ख) विशेष प्रस्ताव:**

१) बैंकको संस्थापक तथा सर्वसाधारण शेयरधनीको शेयर अनुपात ७०:३० कायम भएको हुँदा परिवर्तित पूँजी संरचनाको अनुपातमा सञ्चालक समितिमा प्रतिनिधित्व गर्न हालको संचालक समितिको विद्यमान संरचनालाई नियामक निकायहरुको निर्देशन बमोजिम परिमार्जन गर्नुपर्ने भएकोमा बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन (अनुसूचिमा उल्लेख भए बमोजिम) गर्ने तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने ।
२) बैंकले आर्थिक वर्ष २०८१/८२ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमा भन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरु र विभिन्न संघ संस्थाहरुलाई प्रदान गरेको कुल रकम रु. ७४,८७,०१६.३३ (अक्षरेपी चौहत्तर लाख सतासी हजार सोह्र रुपैया तेत्तीस पैसा मात्र) अनुमोदन गर्ने । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरुको विस्तृत विवरणहरु बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।
३) बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने तथा प्रस्तावित संशोधनमा नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायहरुबाट स्वीकृति लिंदा वा अभिलेख गर्ने प्रक्रियामा उक्त निकायहरुले फेरबदल गरेमा आवश्यक समायोजन गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत संचालक समितिलाई अधिकार दिने ।

**ग) विविध:**

**जानकारी:**

१) मिति २०८२ साल पौष २१ गते एक दिन शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।
२) शेयरधनी महानुभावहरुलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पठाइने छ ।
३) सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फारम भरी सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि कार्यालय समयभित्र श्री हिमालयन क्यापिटल लिमिटेड, कमलादी स्थित आई टि प्लाजामा दर्ता गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ । बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एक भन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्ट्याएर दिएको प्रोक्सी बदर हुनेछ ।
४) सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी दर्ता गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समय भित्र श्री हिमालयन क्यापिटल लिमिटेड कमलादी स्थित आई टि प्लाजामा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ ।
५) छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।
६) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरधनीको नाममा खोलिएको हितग्राही खाता (Demat) नम्बर वा आफ्नो परिचय खुल्ने कागजातका साथै शेयरधनी प्रमाणपत्र साथमा लिइ आउनु हुन अनुरोध छ । उक्त प्रमाणहरु पेश गरेपछि सभामा प्रवेश गर्न प्रवेशपत्र प्रदान गरिनेछ ।
७) नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।
८) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत हिमालयन क्यापिटल लि. आई टि प्लाजा, कमलादीमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।
९) हाजिर पुस्तिका बिहान ९:३० बजे देखि १२:०० बजे सम्म मात्र खुल्ला रहने छ ।

**शेयरधनी महानुभावहरु लाई विशेष जानकारी:**

१. बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौज्दात रु. ५००-(पाँच सय) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ । त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभांश रकम उक्त खातामा जम्मा गरिनेछ ।
२. आ.व. २०८०/०८१ र सो भन्दा अगाडिको लाभांश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले हिमालयन क्यापिटल लिमिटेड, कमलादी स्थित आई टि प्लाजाबाट लिनु हुन अनुरोध छ । साथै हितग्राही खाता (DMAT) नभएका शेयरधनीहरुले हिमालयन क्यापिटल लि., आई टि प्लाजा, कमलादी वा अन्य सम्बन्धित संस्थामा यथाशिघ्र उक्त खाता खोल्न अनुरोध छ ।
३) सभा सम्बन्धी अन्य जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय वा हिमालयन क्यापिटल लि. आइ टि प्लाजा, कमलादी, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लिमिटेड**
**केन्द्रीय कार्यालय, कमलादी, काठमाडौं**
**फोन नं. ०१-५९७१३४६**